**सुर्नया गाउँपालिका, बैतडी**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**सुर्नया गाउँपालिकाबाट प्रकाशित**

# सुर्नया गाउँपालिकाको राजपत्र

**खण्डः ६** **संख्याः ३** **मितिः २०८०/०४/१९**

## भाग-२

बिषय विज्ञ (**रोष्टर**) छनोट कार्यविधि, २०८०”

**कार्यपालिका बाट स्विकृत मिति २०८०।०४।१८**

**प्रमाणिकरण मिति २०८०।०४।१९**

**प्रस्तावनाः** सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यपालिका रौलेश्वर बैतडी अन्तर्गत सामुदायिक विद्यालयमा रिक्त दरवन्दिमा शिक्षक कर्मचारी पदपूर्ति, नियुक्ति तथा विद्यालय सुपरिवेक्षण तथा अनुगमन गर्ने आवश्यक व्यवस्था गर्नका लागि यो कार्यविधि बनाएको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम “सुर्नया गाउँपालकिाको शिक्षक भर्नाका लागी बिषय विज्ञ (**रोष्टर**) छनोट कार्यविधि, २०८०”रहेको छ ।

(२) यो कार्यविधि सुर्नया गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयन हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **“कार्यविधि”** “शिक्षक भर्नाका लागी **विषय विज्ञ** (**रोष्टर**) कार्यविधि, २०८० लाई जनाउनेछ ।

**ख. विषय विज्ञ भन्नाले यस कार्यविधिले तोकेको मापदण्ड पुरा गरी पालिकामा सूचिकृत भएका विषय व्यक्तिहरुलाई जनाइनेछ ।**

ग. **“विद्यालय”** भन्नाले सुर्नया गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई जनाउनेछ ।

घ. **“कर्मचारी”** भन्नाले विद्यालयका शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्भन्नु पर्नेछ ।

ङ. **“शिक्षक”** भन्नाले विद्यालयको अध्यापक सम्भन्नु पर्नेछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउनेछ ।

च. **“तोकिएको वा तोकिए बमोजिम”** भन्नाले यो कार्यविधि र यस कार्यविधि अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्भन्नु पर्दछ ।

छ. **“पदपूर्ति”** भन्नाले विद्यालयमा रिक्त रहेको शिक्षक र कर्मचारी दरबन्दीको रिक्त पदमा खुला प्रतियोगिताद्धारा गरिने पदपूर्ति सम्भन्नुपर्छ ।

ज. सुपरीवेक्षण र अनुगमन भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक र प्रशासनिक निरिक्षणलाई सम्झनु पर्नेछ ।

**<u>परिच्छेद २</u>**

**शुल्क तथा योग्यता**

सुर्नया गाउँपालिका, बैतडी

यस गाउँपालिका भित्र रिक्त हुने राहत अनुदान कोटा, शिक्षण सिकाई सहयोग अनुदान पालिका अनुदान शिक्षक विद्यालय कर्मचारी बालविकास सहजकर्ता लगायत अस्थायी शिक्षक कर्मचारीको करारमा पदपुर्ती गर्न लिखित, मौखिक, र आवश्यकता अनुसार प्रयोगात्मक परिक्षा समेत संचालन तथा तथा व्यवस्थापन कार्यमा विज्ञको रुपमा कार्य गर्ने तथा शिक्षकहरुको पेसागत सहयोगका लागि विषयगत रुपमा सुपरीवेक्षण कार्य शिक्षक कर्मचारी अभिमुखिकरण प्रशिक्षण समेतको प्रयोजनका लागी तपसिलको योग्यता पुगेका विज्ञ शिक्षकहरुलाई पालिकामा सूचिकृत गरीने छ।

**<u>रोष्टरहरुको दर्ता तथा नविकरण शुल्क</u>**

| क्र.स. | तह | दर्ता शुल्क | नविकरण शुल्क | आवश्यक अनुभव | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | आवि तह (५–१) | ५००।– | ३००।– | शिक्षक क्षेत्रमा शिक्षा, स्थायी वर्ष ४ कम्तिमा छ। पर्ने हुनु गरेको सेवा वर्षलाई ३ हकमा महिलाको छ। मानिने | कम्तिमा स्नातक तह उतिर्ण गरेको हुनुपर्ने छ। |
| २ | आवि तह (८–१) | ७००।– | ४००।– | | |
| ३ | मावि तह –९) (१० | १०००।– | ५००।– | शिक्षा क्षेत्रमा कम्तिमा ४ वर्ष स्थायी सेवा गरेको हुनु पर्ने छ। महिलाको हकमा ३ वर्षलाई मानिने छ। | सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उतिर्ण गरेको हुनुपर्ने छ। |
| ४ | मावि तह –११) (१२ | १०००।– | ५००।– | शिक्षा क्षेत्रमा कम्तिमा ४ वर्ष स्थायी सेवा गरेको हुनु पर्ने छ। महिलाको हकमा ३ वर्षलाई मानिने छ। | सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको हुनुपर्ने छ। |

## <u>परिच्छेद ३</u>

### बचाउ

(१) यो कार्यविधि प्रारम्भ हुन पूर्व यस गाउँ पालिकाले सूचिकृत गरेका वा नविकरण गरेका विषय विज्ञ (रोष्टर) यसै कार्यविधि बमोजिम भए गरेका मानिने छन्।



सुर्नया गाउँपालिका, बैतडी

## परिच्छेद ४

## छनोट समिति

शिक्षक छनोट समिति सम्बन्धमाः (१) सामुदायिक विद्यालयमा शिक्षक कर्मचारी नियुक्ति गर्दा तपसिलका पदाधिकारी रहेको एक शिक्षक कर्मचारी छनोट समिति रहने छ,

**तपसिलः**

क) विद्यालय व्यवस्थापन समिति अध्यक्ष- अध्यक्ष
ख) शिक्षा शाखाको प्रमुख वा प्रतिनिधि- सदस्य
ग) सम्बन्धित विषयका विषय विज्ञ २ जना- सदस्य
घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

## परिच्छेद ५

## पदाधिकारीको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा

पदाधिकारी को पारीश्रमिक सम्बन्धमाः(१) परिच्छेद ४को दफा १ बमोजिम छनोट भएका पदाधिकारीहरुको पारीश्रमिक तपसिल वमोजिम हुनेछ,

क) माध्यमिक तह कक्षा ११-१२ का लागि शिक्षक नियुक्ति गर्दा रु.५०००।-
ख) माध्यमित तह कक्षा ९-१० का लागि शिक्षक नियुक्ति गर्दा रु. ४०००।-
ग) आधारभुत तह कक्षा ६-८ का लागि शिक्षक नियुक्ति गर्दा रु. ३०००।-
घ) आधारभुत तह कक्षा १-५ का लागि शिक्षक नियुक्ति गर्दा रु. ३०००।-
ङ) बालविलास शिक्षक नियुक्ति गर्दा रु. २०००।-
च) विद्यालय सहायक लेखापाल नियुक्ति गर्दा रु. २०००।-
छ) विद्यालय कार्यालय सहयोगी (का.स.) नियुक्ति रु. २०००।-

[नोट :यस कार्यविधिमा उल्लेख नभएको कुनै बिषयमा निर्णय गर्नु परेमा सुर्नया **गाउँ कार्यपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ।]**

सुर्नया गाउँपालिका, बैतडी

**अनुसूचि १**

श्री सुर्नया गाउँपालिका रौलेश्वर बैतडी । मिति...................

विषयः विषय विज्ञमा सूचिकृत हुन पाउँ ।

प्रस्तुत सम्बन्धमा सुर्नया गाउँपालिकामा देहायबमोजिमका विषयमा विज्ञका रुपमा सूचिकृत हुन तपसिलको आवश्यक कागजात सहित यो निवेदन पेस गरेको छु ।

हस्ताक्षर ...............

निवेदकको नाम.....................

तपसिलः

नाम थरः.........................

स्थायी ठेगानाः जिल्ला...................न.पा./ गा.पा............................. वडा न..................टोल.........

सम्पर्क न.......................... इमेल................................................. कार्यरत

संस्थाको नामः.......................................

| क्र.स. | तह | सूचिकृत हुन चाहेको विषय | विषयसंग सम्बन्धित कार्य अनुभव क्षेत्र | कार्य अनुभव वर्ष | तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

उल्लेखित विवरण झुठा ठहरे कानुनवमोजिम सहुला बुझाउला ।

हस्ताक्षरः.............

आज्ञाले

रघुनाथ अवस्थी

प्रमुख प्रशासकिय अधकृत



सुर्नया गाउँपालिका, बैतडी